
**अध्यक्ष उक्डोर्फद्वारा**
प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार



# ख्रीष्टमसमा ख्रीष्टको खोजी गर्ने

पछिल्ला दिनका सन्तहरुको येशू ख्रीष्टको चर्चका सदस्यका रुपमा हामी को हौं भनेर बुझ्न चाहनेहरु सबैलाई म यी तीन शब्दहरुले वर्णन गरिएको सुरुको विन्दु प्रदान गर्न चाहन्छु। हामी ख्रीष्टको खोजी गर्छौं। हामीले उहाँका बारेमा सिक्न खोजी गर्छौं। उहाँको अनुशरण गर्नको लागि। उहाँ जस्तै बन्नको लागि।

हरेक दिन वर्षभरी नै हामी उहाँको खोजी गर्छौं। विशेष गरी वर्षको ख्रीष्टमसको यो समयमा जब हामी हाम्रा प्रिय उद्धारकर्ताको जन्मदिन मनाउछौं हाम्रा हृदयहरु अझै बढी उहाँमा समर्पित हुन्छन्।

ख्रीष्टमस मनाउनका लागि हाम्रो तयारीको अंशका रुपमा हामी दुई हजार वर्ष अगाडि जिउनेहरु कसरी उद्धारकर्ताको आगमनलाई स्वागत् गर्नका लागि तयार थिए भन्ने कुराको विचार गरौं।

### भेडागोठालाहरु

तिनीहरु रातमा खेतमा उनीहरुका बालीनाली र जनावरहरुको हेरचाह गरिरहेका थिए भन्ने बाहेक हामीलाई भेडागोठालाहरुका बारेमा त्यति धेरै जानकारी छैन। १ भेडागोठालाहरु सामान्य मानिसहरुभन्दा भिन्न, जो बाँच्नका लागि कमाउने प्रशंसनीय आत्माहरु थिए।

तिनीहरुले ती मानिसहरुको प्रतिनिधित्व गर्न सक्छन् जो कुनै समय सम्भवतया सक्रिय रुपमा ख्रीष्टको खोजी गर्दैनथे, तर तिनीहरुको हृदय परिवर्तित भयो जब स्वर्ग खुल्यो र ख्रीष्टका बारेमा तिनीहरुलाई घोषणा गरियो।

यी तिनीहरु नै हुन् जो स्वर्गदूतहरुको आवाज सुने पछि हेर्ने चाहनासँगै तत्कालै बेथलेहम गए। २

### बुद्धिमान मानिसहरु

बुद्धिमानी मानिसहरु ती विद्वान थिए जसले परमेश्वरका पुत्र मसिहाका आगमनका बारेमा अध्ययन गरिरहेका थिए। उनीहरुको अध्ययनका माध्यमबाट, तिनीहरुले चिन्ह पत्ता लगाए जसले उहाँको जन्मको संकेत गर्दथ्यो। जब उनीहरुले तिनीहरुलाई पत्ता लगाए, उनीहरुले आफ्ना घरहरु छोडे र "जन्मिएका यहूदीका राजा ती कहाँ छन् ?"३ भनेर सोद्धै येरुसलेमको यात्रा गरे।

त्यसपछि ख्रीष्टका बारेको तिनीहरुको ज्ञान बौद्धिक मात्रै रहेन। उनीहरुले उहाँको जन्मका बारेको संकेत देखेपछि तिनीहरुले कर्म गरिहाले। उनीहरु ख्रीष्टको पत्ता लगाउन हिंडे।

बुद्धिमान मानिसहरुले अध्ययन र शैक्षिक अध्यनका माध्यमबाट ख्रीष्टको खोजी गर्नेहरुको प्रतिनिधित्व गर्न सक्छन्। सत्य प्रतिको उनीहरुको समर्पणले तिनीहरुलाई अन्ततः राजाहरुका राजा, मानव जातिका उद्धारकर्ता ख्रीष्टलाई पत्ता लगाउन र उहाँको आरधना गर्न तर्फ अगुवाइ गऱ्यो। ४

### सिमोन र आना

सिमोन र आनाले आत्माका माध्यमबाट ख्रीष्टको खोजी गर्नेहरुको प्रतिनिधित्व गर्छन्। यी महान् आत्माहरु समर्पित रुपमा धार्मिक थिए र उपवास र प्रार्थनाका माध्यमबाट अनि समर्पण र आज्ञाकारितामा जीवनलाई अगुवाइ गरेर परमेश्वरका पुत्रको आगमनको दिनका लागि उत्सुकतापूर्वक प्रतिक्षा गरे।

भक्तिभाव, मानवता र आस्थाका माध्यमबाट धैर्यतापूर्वक तिनीहरुले उद्धारकर्ताको आगमनको प्रतिक्षा गरे।

अन्ततः मानव जातीका पापहरु एक दिन आफूस्वयम्मा लिने बालकलाई मरियम र योसेफले तिनीहरुका अगाडि प्रस्तुत गर्दा तिनीहरुको इमानदारिदता पुरस्कृत भयो। ५

**निफीहरु र लमानीहरु बीचमा आस्थावानहरु**

नयाँ संसारका आस्थावनहरुले उद्धारकर्ताको जन्मको संकेतलाई कसरी हेरे भन्ने बारेमा उत्कृष्ट कथा मोर्मोनको पुस्तकमा भेटिन्छ ।

तपाईंले सम्भनुहुन्छ कि ती जोसँग खीष्ट प्रतिको आस्था थियो उनीहरु उपहासित र सताइएका थिए । ती दिनमा सुविज्ञहरले आस्थावानहरुलाई मूर्खतापूर्ण अन्धविश्वासमा अल्भिने भनेर दोषी ठहऱ्याए । वास्तवमा, अविश्वासीहरुले भूमिमा "एक विचित्र कोलाहलपूर्ण" उच्च आवाजमा उपहासहरु गरिरहेका थिए (३ नफि १:७) । उद्धारकर्ता जन्मनुहुनेछ भनेर विश्वास गर्नेहरु प्रति तिनीहरुले उपहास गरे ।

तिनीहरुको रिस र क्रोध यति भयङ्कर बन्यो कि तिनीहरु उद्धारकर्तामा विश्वास गर्ने सबैलाई दबाउनका लागि पागल भए । मेर्मोनको पुस्तकले उत्तेजक संकल्पलाई अभिलेखित गर्दछ । ६

यो समयमा जिउने आस्थावान्हरुले अरुहरुले खिल्ली उडाउँदा, तिरस्कार गर्दा र उपहास गर्दा पनि खीष्टको खोजी गरिरहनेहरुको प्रतिनिधित्व गर्दछन् । अरुहरुले अपरिपक्व, अपरिष्कृत वा सजिलै ठगिने सीधा-सादा भनेर तिनीहरुलाई व्यङ्ग्य गर्दा पनि तिनीहरुले खीष्टको खोजी गरिरहन्छन् ।

तरपनि अरुहरुको तिरस्कारले सत्य आस्थावान्लाई खीष्टको खोजी गर्नबाट निरुत्साहित गर्दैन ।

**हामी खीष्टको** खोजी **गर्छौं**

वर्षभरी नै अनि संभवतया विशेषगरी खीष्टमसको यो समयमा फेरि पनि "मैले खीष्टलाई कसरी खोजी गरिरहेको छु" भनेर पूनः प्रश्न गर्नाले हामीलाई फाइदा पुऱ्याउन सक्छ ।

उहाँको जीवनको कठीन समयमा महान् राजा डेभिडले लेख्नुभयो, "हे परमेश्वर हजुर मेरा परमेश्वर हुनुहुन्छ, सुरुमा नै म हजुरको खोजी गर्नेछु: मेरो आत्मा हजुरका लागि तिर्खाउँछ, मेरो शरीर हजुरलाई चाहन्छ ।"७

परमेश्वरको खोजी गर्ने यो प्रवृत्तिका कारण डेभिडलाई परमेश्वरको आफ्नै हृदय जस्तै भएको एक मानिसका रुपमा वर्णन गर्नका लागि सम्भवतया यही एउटा कारण थियो होला ।

यो खीष्टमसको समयमा र वर्षभरी नै हामी हाम्रो हृदय र आत्माले हाम्रा प्रिय उद्धारकर्ता, शान्तिका राजकुमार, इस्राएलका एक मात्र पवित्रको खोजी गर्न सकौं । यो चाहनाका लागि ठूलो अंशमा पछिल्ला दिनका सन्तहरुको येशू खीष्टको चर्चका सदस्यका रुपमा हामी को हौं भनेर मात्रै परिभाषित गर्दैन तर त्यो भन्दा पनि धेरै खीष्टको अनुयायीका रुपमा वास्तवमा नै हामी को हौं भन्ने कुरालाई परिभाषित गर्छ ।

**सूचीहरु**

१.लूका २:८
२.हेर्नुहोस् लूका २:१५
३.हेर्नुहोस् मत्ती २:१-२
४.हेर्नुहोस् मत्ती २:११
५.हेर्नुहोस् लूका २:२२-३८
६.हेनुहोस् ३ नफि १
७.भजन संग्रह ६३:१
८.हेर्नुहोस् प्रेरित १३:२२

---

**यो सन्देशबाट सिकाउने**

अध्यक्ष उक्डोर्फले सल्लाह दिए जस्तै हामीले कसरी अभै राम्रो तरिकाले खीष्टको खोजी गर्न सक्छौं?"मैले कसरी खीष्टको खोजी गरिरहेको छु ?" भनेर उनीहरु स्वयम्लाई सोध्नका लागि तपाईंले सिकाउनेहरुलाई तपाईं प्रोत्साहन गर्न सक्नुहुन्छ उनीहरुको दैनिक पारिवारिक धर्मशास्त्र अध्ययनको समयमा तिनीहरुले कसरी खीष्टको खोजी गरिरहेका छन् भनेर बाँड्न सुरु गर्नका लागि तिनीहरुलाई आमन्त्रण गर्ने कुरालाई महत्व दिनुहोस् । तपाईंले Mormon.org मा आफूले सिकाउनेहरुसँग खीष्टमसको भिडियो पनि हेर्न सक्नुहुन्छ र उहाँको शिक्षालाई अनुशरण गर्दै तिनीहरुलाई वार्षिक रुपमा हुने यो अवसरमा खीष्टलाई खोज्न आमन्त्रण गर्नुहोस् ।

## केटाकेटी

### येशूलाई प्रतिक्षा गर्नु

असङ्ख्य मानिसहरुले येशूको जन्मका लागि हेरे र प्रतिक्षा गरे । अब हामी उहाँको पूनरागमनका लागि हेर्छौं र प्रतिक्षा गर्छौं ।येशूका बारेमा सिकेर अनि उहाँको अनुशरण गरेर हामी तयार हुन सक्छौं । तपाईंले येशूलाई कसरी अनुशरण गर्नुहुन्छ ? ताराको चित्र बनाउनुहोस ्र त्यस भित्र तपाईंका विचारहरु लेख्नुहोस् ।

© 2017 Intellectual Reserve, Inc द्वारा सर्वाधिकार सुरक्षित । यूएस्ए मा मुद्रित । अङ्ग्रेजी अनुमोदन ६।१६ अनुवाद अनुमोदनः ६।१६ प्रथम अध्यक्षताको सन्देश, डिसेम्बर २०१७ को अनुवाद भाषा 97932 372

# एकअर्काको बोझ उठाउन चाहने

*के बाँड्ने भनेर थाहा पाउनका लागि प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् । राहत समाजको उद्देश्यलाई बुझ्नाले परमेश्वरका छोरीहरूलाई अनन्त जीवनका आशीषहरूका लागि कसरी तयार गर्दछ ।*

आस्था, परिवार, राहत

"हामी हाम्रो ध्यान, प्रोत्साहन, सहयोग, सान्त्वना, दयाका आवश्यकतामा रहेकाहरुबाट घेरिएका छौं," अध्यक्ष थोमस् एस. मनसन ले भन्नुभयो । "उहाँका सन्ततिहरुलाई सेवा गर्ने र माथि उठाउने अधिकार सहित यहाँ पृथ्वीमा हामी परमप्रभुका हात हौँ । उहाँ हामी हरेकमा आश्रित हुनुहुन्छ । १

प्रथम अध्यक्षताका पहिलो सल्लाहकार अध्यक्ष हेनरी बी आइरिङले भन्नुभयो, "जब तपाईं चर्चमा आउनुभयो तपाईंको हृदयमा एक महान् परिवर्तन आउन सुरु गऱ्यो ।"तपाईंले करार गर्नुभयो, र तपाईंले प्रतिज्ञा प्राप्त गर्नुभयो जस्ले तपाईंको स्वभावलाई परिवर्तन गर्न थाल्यो ।

"... तपाईंले प्रतिज्ञा गर्नुभयो कि अरुहरुको बोझलाई हलुका पार्न र सान्त्वना दिनका लागि तपाईंले परमप्रभुलाई सहयोग गर्नुहुनेछ । जब तपाईंले पवित्र आत्माको उपहार पाउनुभयो तपाईलाई बोझ हलुका पारिदिनका लागि सहयोग गर्न तपाईंलाई शक्ति दिइएको थियो । २

"उद्धारकर्ताले जस्तै दया, आशा र करुणासँगै हामी अरुहरुलाई हेर्नका लागि सुसमाचारको प्रकाश प्रयोग गर्न चाहन्छौं भनेर राहत समाज साधारण अध्यक्षताकी जेन बी बिङ्घमले भन्नुभयो ।""हामीमा अरुहरुका हृदयका बारेमा पूर्ण समझ हुने दिन आउनेछ, र अरुहरुका लागि हामीले गर्ने करुणायुक्त विचार र शब्दहरु जस्तै हाम्रा लागि विस्तार गरिएको करुणाका लागि हामी कृतज्ञ हुनेछौं । ... "

"हामीले हाम्रा उद्धारकर्ता जस्तै बन्ने प्रयास गर्दा हरेकको उन्नतिलाई स्वीकार्नु हाम्रो दायित्व र सुअवसर हो ।" ३

जब हामीले एक अर्काका बोझहरु उठाउने छौं र हाम्रा करारहरुको पालना गर्छौं हामीले येशू ख्रीष्टका लागि अरुहरुलाई चङ्गाइ दिने बाटो खोल्छौं । बाह्र प्रेरित गणका एल्डर जेफ्रि आर हल्यान्डले सिकाउनुभयोः "क्रुसको यातना र प्रायश्चित्तको अतुलनीय मूल्यलाई महत्व दिँदै म तपाईंहरुलाई प्रतिज्ञा गर्छु उहाँले अब हामीलाई उहाँको पिठ्यूँ फर्काउनुहुनेछैन ।"जब आत्मामा विनम्र हुनेहरुलाई उहाँले भन्नुहुन्छ, "ममा आओ" उहाँको अर्थ उहाँलाई बाहिर जाने मार्ग थाहा छ र उहाँलाई माथिको मार्ग पनि थाहा छ । उहाँले थाहा छ किनकि उहाँ त्यसमा हिँड्नुभएको छ । उहाँलाई त्यो मार्ग थाहा छ किनकि उहाँ नै मार्ग हो । ४

### *थप धर्मशास्त्रहरु*

मत्ती २५:४०, गलाती ६:२, मोसाया २:१७, १८:८-९

### सूचीहरु

१.थमस एस् मनसन "Serve the Lord with Love," Liahona, फेब्रे २०१४, ४
२.हेनरी बि आइरिङ "The Comforter," Liahona,मे २०१५, १८ ।
३.जेन बि. विनघम, "I Will Bring the Light of the Gospel into My Home," Liahona, नोभे. २०१६, ६, ८ ।
४.जेफ्रि आर हल्यान्ड "Broken Things to Mend," Liahona, मे २००६, ७१ ।

### *यसलाई महत्व दिनुहोस्*

कसरी अरुहरुको बोझलाई वहन गर्न सहयोग गरेर र हाम्रा करारहरुको पालना गरेर आवश्यकतामा रहेकाहरुलाई चङ्गाइ दिन येशू ख्रीष्टका लागि मार्ग खुल्ला गर्छ ?

© 2017 Intellectual Reserve, Inc द्वारा सर्वाधिकार सुरक्षित । यूएस्ए मा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । भेटगर्ने शिक्षिकाको सन्देश, डिसेम्बर २०१७ को अनुवाद । भाषा 97932 372